एघारौ गाउँसभाका निर्णयहरु

१. गाउँ कार्यपालिकाद्वारा पेश हुन आएको संलग्न आ.ब. २०७८/७९ को आर्थिक सर्वेक्षण स्वीकृत गर्ने निर्णय गरियो ।

२. गाउँ कार्यपालिकाद्वारा पेश हुन आएको संलग्न आ.ब. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

३. गाउँकार्यपालिकाबाट पेश भएको विनियोजन विधेयक, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

४.गाउँकार्यपालिकाबाट पेश भएको आर्थिक विधेयक, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

५. गाउँ कार्यपालिकाद्वारा पेशहुन आएको संलग्न बमोजिम आ.ब. २०७९/८० को आय व्यय विवरण ( बजेट) एवं कार्यक्रम तथा योजना माथी दफावार छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

६. चालु आ.ब. २०७८/७९ को श्रावण देखी आजका मिति सम्म गाउँ कार्यपालिकाको वैठकवाट गरिएका नितीगत एवं अन्य निर्णयहरुलाई अनुमोदन गरियो ।

७. गाउँकार्यपालिका प्रस्तुत संलग्न बमोजिमको चालु आ.ब.को आर्थिक विवरण स्वीकृत गर्ने निर्णय गरियो ।

८.यस गाउपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुमा दरबन्दीमा कार्यरत स्थायी कर्मचारीहरुलाई कार्यरत पद अनुसारको नेपाल सरकार तथा प्रदेश सरकारले तोके बमोजिमको तलब भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

९.यस गाउपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुमा दरबन्दीमा करारमा कार्यरत कर्मचारीहरुलाई कार्यरत पद अनुसारको नेपाल सरकार तथा प्रदेश सरकारले तोके बमोजिमको तलब भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

१०. यस गाउपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरुमा करारमा कार्यरत श्रेणी विहिन कर्मचारीहरुलाई कार्यरत पद अनुसारको नेपाल सरकार तथा प्रदेश सरकारले तोके बमोजिमको तलब भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

११. यस गाउँसभाबाट अन्यथा निर्णय भएदेखी बाहेक विगतका गाउँ सभाका निर्णयहरुलाई निरन्तरता दिने निर्णय गरियो ।

१२. यस गाउँपालिकामा निरन्तररुपमा कार्यरत करारका कर्मचारीहरुलाई महंगी भत्ता चाडपर्व खर्च तथा पोशाक खर्च उपलब्ध गराउने निर्णय गरियो ।

१३. संलग्न विवरण अनुसारका कार्यक्रम तथा योजनाहरु संचालन तथा निर्माणका लागि प्रदेश सरकार तथा संघीय सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

१४. गाउँ सभाबाट स्वीकृत नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्ने अख्तियारी गाउँ कार्यपालिका लाई प्रदान गर्ने निर्णय गरियो ।

१५. गाउँपालिकाको श्रोत र ससर्त कार्यक्रम अन्तर्गत करारमा कार्यरत कर्मचारीहरुलाई पदपूर्ति नभए सम्म म्याद थप गर्ने निर्णय गरियो ।

CamScanner

१६. विरुवा गाउँपालिकाको आ.ब. २०७७/७८ को अन्तिम लेखा परिक्षणको प्रतिवेदन माथी व्यापक रुपमा छलफल गरियो र सो सम्बन्धमा प्रतिवेदनले औंल्याईएका बेरुजुहरु फर्छ्यौट गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

१७. आगामी आर्थिक वर्षको योजना पुस्तिकामा हुने सामान्य भाषिक शुद्धता तथा सामान्य अंकगणितिय शुद्धता कायम गर्न गाउँकार्यपालिकाको कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१८. आगामी वर्षका लागि तयार गरिएका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा आईपर्ने बाधा अडकाउ फुकाउनको लागि गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१९. विभिन्न कारणले सम्झौताको समयमा तोकिएको म्याद भित्र सम्पन्न हुन नसकेका योजनाहरुलाई वडा कार्यालयको सिफारिसको आधारमा म्याद थपी भुक्तानी गरिएकोमा उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

२०. विरुवा गाउँपालिकाको आ.ब. २०७९/८० को गाउँसभा तयारी बजेट निर्माण तथा विभिन्न समयमा कार्यालय समयको अतिरिक्त काममा खटिएका कर्मचारीहरुलाई अतिरिक्त समय काममा खटिएवापतको पारिश्रमिक स्वरुप प्रोत्साहन रकम चालु तर्फको कर्मचारी पारिश्रमिक तथा अन्य सेवा शुल्क रकम शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

२१. विरुवा गाउँपालिका अन्तर्गत कार्यरत एक गाउँ एक पशु प्राविधिक, एम आई.एस अपरेटर र फिल्ड सहायकको पारिश्रमिक नियमानुसार साझेदारी गर्नु पर्ने रकम गाउँपालिकाबाट साझेदारी गर्ने निर्णय गरियो ।

२२. कार्यपालिका लाई सभाप्रति उत्तरदायी बनाउन, स्थानीय कानुन निर्माण प्रक्रियालाई व्यवस्थित वनाउन तथा कार्यपालिकाबाट भएका कारबाहीको अनुगमन र मुल्याङ्कन गरी आवश्यक निर्देशन दिन समेत प्रयोजनको लागि स्थानीय तहको सभा संचालन कार्यविधी(ऐन) २०७५ को दफा ३५ बमोजिम देहाय अनुसारको विषयगत समितिको गठन गरियो ।

विधेयक समितिः संयोजक- नविन कुमार आले
सदस्य — लेख बहादुर राना
सदस्य- खगनाथ शर्मा

लेखा समितिः संयोजक- मुक्त बहादुर गुरुङ
सदस्य — श्री कुमार थापा
सदस्य — पुर्ण बहादुर अधिकारी

सुशासन समितिः संयोजक — राजेन्द्र कुमार के.सी.
सदस्य — तिल बहादुर थापा मगर
सदस्य — सल्मा मियाँ

२३. गाउँपालिकामा विवादको निरुपणको लागि नेपालको संविधान २०७२ को धारा २१७ तथा स्थानीय सरकार संचालन ऐन २०७५ को दफा ४६ बमोजिम देहाय अनुसारको न्यायिक समिति गठन गरियो ।

न्यायिक समिति संयोजकः भगवती शर्मा उपाध्यक्ष

सदस्यः भोज बहादुर थापा

सदस्यः वेद कुमार गुरुङ

२४. स्थानीय तहले माध्यामिक तहको कक्षा संचालन गर्न अनुमती दिएका विद्यालयमा शिक्षक व्यवस्थापनको लागि एकमुष्ठ अनुदान दिने निर्णय गरियो ।

२५. पालिका अन्तर्गतका सामुदायिक सिकाई केन्द्रमा कार्यरत सामुदायिक परिचालिकालाई संघिय सरकारले दिँदै आएको तलबमानमा रु ७०००/- थप गरी तलबभत्ता गाउँपालिका स्तरीय चालु खर्चतर्फको पुर्व प्राथमिक कक्षा सहजकर्ता तथा विद्यालय कर्मचारी पारिश्रमिक शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

२६. गाउँपालिका भित्रका आधारभूत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य ईकाई र स्वास्थ्य संस्थाहरुमा कार्यरत बर्थिङसेन्टर अनमी अहेब अनमी ल्याव असिस्टेन्ट को मासिक तलब रु २५०००/- र कार्यालय सहयोगीको मासिक तलब रु १८०००/- मिति २०७९/४/१ गते देखी लागुहुने गरी संघीय ससर्त अनुदान तर्फको मातृ तथा नवशिशु कार्यक्रम एवं स्वास्थ्य चौकी र अस्पतालमा कार्यरत कर्मचारीहरुको तलब शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

२७. विरुवा गाउँपालिका वडा नं. ६ चिन्नेवासमा रहेको कोभिड अस्थायी अस्पतालमा कार्यरत कर्मचारीहरुको तलब शीर्षकबाट नपुग हुने रकम संघीय ससर्त अनुदानको स्वास्थ्य चौकी र अस्पतालमा कार्यरत कर्मचारीहरुको तलब शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।